कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

वीरेन्द्रनगर, सुर्खेत

# कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

यस कृषि विकास निर्देशनालय, सुर्खेतको आर्थिक वर्ष २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार, सुर्खेत जिल्लाका लागी पाना नं. २, ३ र ४ मा उल्लेख गरे बमोजिम कार्यक्रमहरूमा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा सुर्खेत जिल्लाका ईच्छुक कृषक, कृषक समुह, कृषि सहकारी, उद्धमी, निजी फर्म व्यवसायीबाट पाना नं. २ र ३ मा उल्लेख भए बमोजिमका कार्यक्रमहरूका लागी दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिनभित्र यस कृषि विकास निर्देशनालयमा तपशिल अनुसारका कागजातहरू संलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । उपलब्ध गराइने अनुदान रकमको अधिकतम सीमा कृषि समुह/सहकारीहरूको हकमा अधिकतम ७०% र निजि फार्महरूको हकमा ५०% सम्म हुनेछ । यस सम्बन्धि थप जानकारी का लागि ०८३-५२०१८१ मा सम्पर्क गर्न सकिने छ ।

**आवश्यक कागजातहरू**

१. कृषक समुह, सहकारी, तथा निजी फर्महरूले रू. १० को हुलाक टिकट टाँस गरि अनुसूची-४ (दफा ४ को उपदफा (२)सँग सम्बन्धित) अनुदानको लागि निवेदन पेश गर्नु पर्ने छ र हुलाक टिकट टाँस नगरिएको प्रस्तावना स्विकार्य हुने छैन ।
२. समुह, सहकारी, निजी फर्मको हकमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
३. स्थानिय तहको सिफारिस पत्र ।
४. सहकारी र निजी फर्मको हकमा गत आ.व. २०७८/०७९ को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदनको फोटोकपी ।
५. सहकारी र निजी फर्मको हकमा गत आ.व. २०७८/०७९ सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण पत्रको प्रतिलिपी ।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी र प्रतिवद्धता पत्र ।
७. आयोजना सम्बन्धि अन्य आवश्यक कागजातहरू ।
८. कार्यक्रम नं. २ र ३ को हकमा जग्गाधनि सँग लिजमा लिएको सम्झौता कागजपत्र तथा न्यूनतम पाँच वर्षको लिज अवधि हुनु पर्ने ।
९. कार्यक्रम नं. ३ को हकमा कृषि मिटर राखेको कागजपत्रको प्रतिलिपि प्रमाण खुल्ने कागज वा फोटो भएको हकमा मात्र लागु हुनेछ ।

कार्यक्रमहरूको नाम

| क्र.सं. | कार्यक्रमको नाम | जिम्मेवार/प्रस्तावनापेश गर्नु पर्ने व्यक्ति |
|---|---|---|
| १ | वेरोजगार कृषि सेवा प्राविधिकहरुको रोजगारीका लागि व्यवसाय संचालन गर्न ५०% अनुदान सहयोग | श्री बिनोद खरेल |
| २ | व्यवसायिक कृषि खेति गर्ने कृषकहरूलाई जग्गा भाडामा अनुदान | श्रीबिनोद खरेल |
| ३ | जग्गा भाडामा लिई खेती गर्ने तथा व्यवसायी रुपमा खेती गर्ने व्यवसायी कृषकलाई जग्गा भाडा र विधुत प्राधिकरणको विल वमोजिम विधुत महसुलमा ५० प्रतिशत अनुदान सहयोग | श्रीबिनोद खरेल |
| ४ | "हरेकगोठ, प्रांगारिक मलको श्रोत" कार्याक्रम (भकारो सुधार कार्यक्रम) संचालन | श्रीबिनोद खरेल |
| ५ | प्रदेश तथा पालिका स्तरका सहकारी संस्थाहरु मार्फत लगानी भएको ऋणको व्याजमा अनुदान सहयोग | श्रीबिनोद खरेल |
| ६ | प्रदेश भित्र कृषि क्षेत्रमा प्रयोग हुने औजार उपकरण (कुटो, कोदालो, हलो, हसिया, मेटलविन, च्याकटर, तथा अन्य सामाग्री) हरु उत्पादन तथा विक्री वितरण गर्ने उद्योगलाई उत्पादनका आधारमा प्रोत्साहन् अनुदान सहयोग | श्रीबिनोद खरेल |
| ७ | कृषि कार्यमा प्रयोग हुने मेसीनरी औजार उपकरण (हाते ट्याक्टर, पावर टीलर, तथा अन्य) अनुदानमा वितरण | श्रीबिनोद खरेल |
| ८ | खाद्यान्न वाली बिउ उत्पादन क्षेत्र विस्तार (हे.) धान ८०, मकै (बसन्ते सहित) १००, गहुँ ८०, तोरी २० ढुवानी सहित | श्रीबिनोद खरेल |
| ९ | व्यवसायिक मौरीपालन गर्ने कृषकहरूलाई समुह/सहकारी/नीजि फार्म मार्फत सहयोग (सेरेना/मेलिफेरा) मौरी तथा मौरीजन्य सामाग्री | श्रीप्रतिमा खड्का |
| १० | व्यवसायिक च्याउ उत्पादन गर्ने कृषकहरूलाई समुह/सहकारी/नीजि फार्म मार्फत सहयोग कार्यक्रम (स्थायी प्लाष्टिक घर तथा अन्य सामाग्री) | श्रीप्रतिमा खड्का |
| ११ | कर्णाली प्रदेशस्तरिय मह संकलन, प्रशोधन, बजारिकरण सम्बन्धि स्रोत केन्द्र स्थापना | श्रीप्रतिमा खड्का |
| १२ | व्यवसायिक च्याउ खेती प्रर्वद्धन कार्यक्रम भावरटोल विनपा १४ सुर्खेत | श्रीप्रतिमा खड्का |
| १३ | कृषि व्यबसाय प्रबर्धन कार्यक्रम | श्रीदशरथ पाण्डे |
| १४ | मोरिङ्का उत्पादन प्रवर्द्धन विनपा ४ | श्रीदशरथ पाण्डे |
| १५ | तरकारी वाली बीउ उत्पादन क्षेत्र बिस्तार (हे.) मूला १, रायो १, केराउ १, प्याज १, आलु ७ आदि (कृषि विकास कार्यक्रम) | श्रीदशरथ पाण्डे |
| १६ | सुर्खेत जिल्लास्थित मुख्य तथा सहायक रोडकरिडोर तरकारी प्रव्रद्धन कार्यक्रम (विस्तार) | श्रीदशरथ पाण्डे |

| | | |
|---|---|---|
| १७ | वर्षे तथा हिउँदे फलफूल प्रवर्द्धन कार्यक्रम | श्रीदशरथ पाण्डे |
| १८ | चक्लाबन्दि प्रोत्साहन कार्यक्रम विस्तार | श्रीदशरथ पाण्डे |
| १९ | सुर्खेत जिल्लामा ओखर, ड्रागन फ्रुट, किवि फल, एभोकाडो तथा मागमा आधारित अन्य नविनतम फलफूलहरू प्रवर्द्धन कार्यक्रम | श्रीदशरथ पाण्डे |
| २० | तरकारी टनेल निर्माण तथा कृषि औजार खरिद वी न पा ११ सुर्खेत | श्रीदशरथ पाण्डे |
| २१ | वेरोजगार कृषि सेवा प्राविधिकहरुको रोजगारीका लागि सूचिकृत हुन सूचना आवह्यन | श्री प्रिया थापा |
| २२ | वृक्षारोपण वर्षका लागि फलफूल विरुवा वितरण कार्यक्रम | श्रीदशरथ पाण्डे |
| २३ | क्षेत्र विस्तार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम (ओखर विकास आयोजना) | श्रीदशरथ पाण्डे |
| २४ | लक्षित वर्गका लागी कृषिमा आधारित आयआर्जन वृद्धि कार्यक्रम (पिछडिएका वादी समुदाय लगायत) | श्रीदशरथ पाण्डे |
| २५ | हलिया मुक्त समाज कार्यक्रम | श्रीदशरथ पाण्डे |
| २६ | अर्गानिक मोडेल गाउँ विकास कार्यक्रम प्राविधिक सहित निरन्तरता तथा विस्तार (सिम्ता, ब्यूरेनि र लेकहात्तिखाल) | श्रीप्रकास थापा |
| २७ | अर्गानिक तरकारी प्रर्वद्धन कार्यक्रम विनपा ४ भैरवस्थान सुर्खेत | श्रीप्रकास थापा |
| २८ | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम | श्रीप्रकास थापा |
| २९ | अर्गानिक कृषि व्यवसाय प्रर्वद्धन कार्यक्रम विनपा १ फुलवारी टोल सुर्खेत | श्रीप्रकास थापा |
| ३० | राष्ट्रिय खाद्य सुरक्षा मिशन | श्री प्रकास थापा |
| | मकैबाली प्रवर्द्धन कार्यक्रम | |
| | तेलहन बाली प्रवर्द्धन कार्यक्रम | |
| | धानबाली प्रवर्द्धन कार्यक्रम | |
| | मध्य पहाडमा मकै बीउ श्रोत केन्द्र स्थापना तथा सुदृढीकरण सहयोगकार्यक्रम | |
| | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | |
| ३१ | अर्गानिक कृषि व्यवसाय प्रर्वद्धन कार्यक्रम विनपा १ फुलवारी टोलसुर्खेत | श्रीप्रकास थापा |

**नोटः गत आ.व. २०७८/०७९ मा संचालित कार्यक्रमको निरन्तरताको हकमा पुरानो समुहमै कार्यक्रम संचालन हुनेछ।**